आज मिति २०७४।५।२१ गते दिनका दिन राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा गाउपालिकाको बैठक बसी निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, ४ सदस्य |
| श्री भगरु थारु | ,, ,, ,, ५ सदस्य |
| श्री जनक बहादुर थारु | ६ सदस्य |
| श्री राम लखन थारु | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, सदस्य |
| श्री लिला नेपाली | ,, ,, सदस्य |
| श्री देवराज कुमाल | सदस्य |
| श्री पतरी दपाई | सदस्य |
| श्री भरत कुमार मल्ल | कार्यकारी अधिकृत स.सचिव |

**निर्णयहरु :**

**नं.१.** राप्ती सोनारी गाउँपालिकाको वडा नं. २ अगैयादेखि वडा नं. ४ को लटनिया सम्मको अन्दाजी ६ कि.मी.सम्मको लोकमार्गको स्तर उन्नति गरिदिन सडक डिभिजन कार्यालय नेपालगंज बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

**नं.२** प्राकृतिक श्रोत उपभोग तथा संरक्षण सम्बन्धी जिल्ला समन्वय समिति बाँकेको नाममा रिट दिन मिति २०७४/५/८ को दिन बोर्ड बैठकको निर्णयबाट उपाध्यक्ष श्री धनी कुमारी खत्रीलाई अधिकार प्रत्यायोजन गरी प्रतिनिधि खटाउने निर्णय भई निर्णयानुसार कानुन ब्यबशायीसंग सल्लाह गर्ने १ पटक रिट लेखाउन दायर गर्न १ पटक र तारेख समेत लिन जानुपर्ने भएकाले माथि उल्लेखित २ पटक बाहेक तारेखको लागि प्रत्येक पटक आतेजाते गर्दा एकजना वडाअध्यक्ष सहयोगी समेतको लागि प्रति पटक प्रति ब्यक्ति २ जनालाई जनही २,०००/- दरले यातायात तथा खाना खर्च दिने, कानुन ब्यबशायीको रिट लेख्ने तथा बहस पैरवीको लागि बढीमा २५ हजारसम्म दिने र रिट निवेदन, टाईपिंग प्रिन्ट तथा फोटोकपी समेतको फुटकर खर्चको लागि रु ५१२१/- पाँच हजार एक सय एक्काईस समेतको लागि पछि बिल भरपाई पेश गरी फर्छ्यौट गर्नको लागि रु ५०,०००/- पचास हजार उपाध्यक्ष धनी कुमारी खत्रीलाई बिबिध शीर्षकबाट पेश्की दिने निर्णय गरियो ।

**नं. ३** राप्ती सोनारी गाउँपालिकाको बिच भागमा भएर वग्ने राप्ती नदी,परुवा खोला लगायत अन्य खोलामा झोलुगे पुलको अभावले यातायातमा ज्यादै असुबिधा भएकोले झोलुगे पुल बनाई दिनको लागि झोलुगे पुल आयोजना पुलचोक ललितपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

क) वडा नं. २ कचनापुर देखि ललहि गाउँ जोडने राप्ती नदी
ख) वडा नं. ३ र ४ जोडने मोरंगा खोलाको लालपुर साईपुर जोडने पुल
ग) वडा नं. २ को बेलबास देखि राजपुर जोडने परुवा खोला
घ) वडा नं. ८ को पेरानी खल्लागाउँ र राजमार्ग जोडने परुवा खोला
ङ) वडा नं. १ को चुना र चपरगौडी जोड्ने राप्ती नदी
च) वडा नं. १ अमुवा र बैरीया जोडने राप्ती नदी
छ) वडा नं. १ भम्का र बाराटोल जोडने राप्ती नदी
ज) वडा नं. ४ को प्रशरामपुर र गौरीगाउँ जोडने गुजरहवा नाला

**नं. ४.** राप्ती सोनारी गाउँपालिकाको वडा नं. ६ को राप्ती पुलदेखि नर्सरीसम्म राप्ती नदीको कटान तथा भरानले गर्दा यातायातमा असुबिधा हुने भएकोले अन्दाजी ३०० मिटरमा पक्की मोटरेवल पुल निर्माण गरी दिन हुलाकी राजमार्ग आयोजना बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

**नं. ५.** गम्भीर प्रकृतिका रोग लागेका बिपन्न ब्यक्तिलाई वडा अध्यक्षको सिफारिसको आधारमा गाउँपालिकाको अध्यक्षबाट तत्काल राहत स्वरुप रु ३,०००/- उपलब्ध गराउने र अपरझट बिरामी पर्दा तत्काल अस्पतालसम्म पुर्‍याउनु पर्ने र आर्थिक अवश्थाको कारणले अस्पताल सम्म पुर्‍याउन समस्या

परेको अवश्थामा त्यस्ता बिपन्न परिवारलाई वडा अध्यक्षले रु १,०००/- उपलब्ध गराई माग गर्ने निर्णय गरियो ।

**नं. ६** दैवी प्रकोप परी मृतक भएका परिवारलाई प्रति मृतक रु १०,०००/- दस हजारका दरले तत्काल कृयाखर्च दिने, आगलागी भई घर जलेका परिवारलाई राहत स्वरुप रु २,०००/- तत्काल राहत स्वरुप नगद दिने निर्णय गरियो ।

**नं. ७.** राप्ती सोनारी गाउँपालिका अधिकास भाग वर्षेनी डुवान परी ठुलो धनमालको हानी नोक्सानी हुने भएकोले सोको दीर्घकालिन समस्या समाधानको लागि गाउँपालिकाको दीर्घकालीन सोच, दृष्टिकोण समेत राखी सोको समस्या समाधानको लागि पहल गरिदिन सम्माननीय प्रधानमन्त्री ज्यु समक्ष माग राख्न र गत आ.ब.को प्राकृतिक श्रोत साधन उत्खनन तथा बिक्री बितरण गरे बापत स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम तत्कालीन जि.बि.स.बाट पाउनुपर्ने रकम हालसम्म प्राप्त नभएकोले सो सम्बन्धी संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय काठमाडौंलाई जानकारी गराई सोको निकासको लागि पहल गरिदिन अनुरोध गर्न गाउँपालिकाको प्रतिनिधि मण्डल काठमाडौं जाने निर्णय गरियो ।

**नं. ८.** गाउँपालिका क्षेत्रभित्र निर्माण तथा अन्य खरीद कार्यको लागि आर्थिक वर्ष २०७४/०७५ को जिल्ला दररेट स्वीकृत भईसकेको हुँदा सोही स्वीकृत जिल्ला दररेट प्रयोग गर्ने निर्णय गरियो ।

**नं. ९** यस गाउँपालिकाको गाउँ सभा मिति २०७४/०५/२९ गते गर्ने निर्णय गरियो ।

**नं. १०.** मिति २०७४।४।२७ गते राती आएको बाढीबाट यस गाउपालिकाको अधिकाँस भू भाग डुवानमा परी ठुलो मात्रामा धनजनको क्षती पुर्‍याई घरमा भएका अन्नपात, लुगा लत्ता, भाडा कुडा, र घर समेत बगाई घरबार विहिन बनाएकोले गाउपालिकाबाट प्रभावित परिवारलाई तत्काल खान बस्नको व्यवस्था गरी प्रभावित परिवारको ज्यू ज्यान जोगाउन पर्ने र सो कार्य तुरुन्तै नगरे प्रभावित परिवारको ज्यू ज्यान समेत खतरामा पर्न सक्ने भएको हुँदा सो को लागी निम्न परिमाण तथा रकमको खाद्य सामाग्री तुरुन्तै बजारबाट सोझै खरिद गरि प्रभावित परिवारलाई सम्वन्धित वडाको वडाअध्यक्ष मार्फत वितरण गरेकोले सो खाद्य सामाग्री खरिद कार्यलाई समर्थन गरी अनुमोदनको लागी गाउँ सभामा पठाउने निर्णय गरियो ।

**खरिद गरिएका खाद्य सामाग्रीहरु**

| सि.नं. | विवरण | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | चामल | ६५० क्वी. | ४२००/- | २७३००००/- |
| २ | दाल | ५४ क्वी. | ११५००/- | ६२१०००/- |
| ३ | तेल तोरी | २९० पेटी | १२५०/- | ३६२५००/- |
| ४ | तेल पामोलिन | ५० पेटी | ११००/- | ५५०००/- |
| ५ | आयो नुन | ३० बोरी | ९६०/- | २८८००/- |
| ६ | कम्मल | ७०० पीस | ८०१।१७ | ५६०८१९/- |
| ७ | त्रिपाल | ५०० पीस | ६७८/- | ३३९०००/- |
| ८ | म्याट | ४०० मीटर | १६९।५० | ६७८००/- |
| जम्मा | | | | ४७६४९१९/- |

पुनश्चः- उक्त खाद्य सामाग्रीहरु नेपालगंज बजारबाट खरिद गरिएकोले ट्रक तथा ट्रयाक्टर बाट ढुवानी गरी ल्याएकोले लोड, अनलोड तथा ढुवानी भाडा र सडक अवरुद्ध भएको कारणले एक रात सामाग्री सहित ड्राइवर, लेवर तथा कर्मचारीहरु कोहलपुरमा बास बसाल्नु परेकोले निजहरुको खान,बस्न समेत भूक्तानी गरेकोले सो वाफत भएको खर्च रु.२,४५,६५० । समर्थन गरी अनुमोदनको लागी गाउ सभामा पठाउने निर्णय गरियो ।

**नं.११.** मिति २०७४/०४/२७ गतेको राती आएको अविरल वर्षाको कारणले बाढी आई यस गाउँपालिकाको अधिकाँस भुभाग डुवान तथा कटानमा परी जनधनको ठुलो हानी नोक्सानी भएकोले यस बिपदको घडीमा बिपदमा परेका सर्वसाधारणहरुको उद्धार तथा राहत उपलब्ध गराउन वडा समितिको प्रमुख जिम्मेवारी भएकोले तत्काल निम्न वडाबाट निम्न बमोजिमको राहत सामाग्री सम्बन्धित वडा अध्यक्षको जिम्मेवारीमा स्थानीय बजारबाट खरीद गरी बितरण गरिएका बिल भरपाईहरु पेश हुन आएको र बाढीबाट कटान भई स्थानीय सडकहरु भत्कन गई तत्काल ग्राभेल नहालेमा आवतजावत गर्न निकै कठिन भएकोले त्यस्ता सडकको तत्काल मर्मत गरी बिल भपाई पेश भएकोले उक्त बिल भरपाईहरु हेरी आवश्यकता र औचित्यको आधारमा खर्च भएको हो वा होईन एकिन गरी खर्च भुक्तानीको लागि सिफारिस गर्न निम्न बमोजिमका ब्यक्तिहरु रहेको उप समिति गठन गर्ने, उपसमितिको बैठकलाई गाउँपालिकाको बैठक सरहको मान्यता दिने र सो बैठकमा उपस्थित ब्यक्तिहरुलाई गाउँपालिकाका पदाधिकारीहरुले पाए सरहको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसील

| | |
|---|---|
| श्री लाहुराम थारु गाउँपालिका अध्यक्ष | -संयोजक |
| श्री देवराज कुमाल गाउँपालिका सदस्य | -सदस्य |
| श्री दमकला जैसी गाउँपालिका सदस्य | -सदस्य |
| श्री कुलानन्द चौधरी सव ईन्जिनियर | -सदस्य |
| श्री दिलाराम राना नायव सुब्बा | -सदस्य-सचिव |

**नं.१२.** मिति २०७४/०४/२७ गते राती आएको अबिरल वर्षाको कारण बाढी आई यस गाउँपालिकाको अधिकाँस भुभाग डुवानमा परी ठुलो मात्रामा धनजनको क्षति भई अन्नपात,पशु चौपाय वगाई लगी घरबार बिहिन बनाएको अवश्थामा यस दुखद घडीमा यस गाउँपालिकाका जनताहरुलाई उद्दार तथा राहत उपलब्ध गराउने कार्यमा सहयोग पुर्याउने नेपाली सेना, जनपद प्रहरी, शसस्त्र प्रहरी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, राजनैतिक दल, समाजसेवी, बुद्धीजिवी एवं सम्पुर्ण तह र तप्काका ब्यक्तिहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।